आज मिति २०७७/०९/०६ गते बिहान ८.०० बजे विहान यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगवहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ७७ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | — |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | चन्द्रीमा |
| १३ | श्री जिवा सुनार | सदस्य | — |
| १४ | श्री खिमा सुवेदी | सदस्य | खिमा |
| १५ | श्री चिन्तामणि रेग्मी | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लक्ष्मण आचार्य | प्रशा. शाखा प्रमुख | |
| २ | श्री टोप ब. थापा | आर्थिक प्र शाखा प्रमुख | |
| ३ | श्री धन बहादुर राना | कार्यालय सहयोगी | |

Scanned with CamScanner

सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-७७)

मिति:- २०७७/०९/०६

बैठकका प्रस्तावहरु:

१. आर्थिक सहायता सम्बन्धमा ।

२. समपुरक अनुदानका योजना प्रस्ताव सम्बन्धमा ।

३. बिशेष अनुदानका योजना प्रस्ताव सम्बन्धमा ।

४. ढुंगा र माटो उत्खनन तथा संकलनको IEE प्रतिवेदन सम्बन्धमा ।

५. गाउँपालिका स्तरीय अस्पताल निर्माणको जग्गा प्राप्ती सम्बन्धमा ।

६. विद्यालय पूर्वाधार योजना सम्बन्धमा ।

७. बर्थिङ सेन्टर सूचीकृत सम्बन्धमा ।

८. स्वास्थ्य सम्बन्धी विभिन्न प्रस्ताव सम्बन्धमा ।

९. उपभोक्ता जनश्रमदान सम्बन्धमा ।

१०. खानेपानी योजनाको P/A परिक्षण सम्बन्धमा ।

११. विभिन्न निवेदनहरु सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## २०७७/०९/०६ गतेका गाउँकार्यपालिका बैठकका निर्णयहरु

### निर्णय न. १ आर्थिक सहायता सम्बन्धमा ।

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न | व्यक्तिको नाम | ठेगना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिरिकला सुनार(ससुरा-पूर्णविर सुनार) | वडा न. ३ | ५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| २ | सिरिकला सुनार | वडा न. ३ | ५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| ३ | मुना चर्ती | वडा न. २ | ५,०००/- | विपन्न सहायता कोष |

### निर्णय न.२. समपुरक अनुदान योजना प्रस्ताव सम्बन्धमा ।

राष्ट्रिय योजना आयोगको मिति २०७७/८/३० गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०७८/०७९ को लागी समपुरक अनुदानको लागी तपशिलको योजनालाई दुई बर्षमा सम्पन्न गर्ने आ.ब. २०७८/०७९को लागी अनुमानित रु.३,००,००,०००/- र आ.ब. २०७९/०८० को लागी अनुमानित रु. ३,००,००,०००/- गरी जम्मा अनुमानित रु. ६,००,००,०००/- बहुबर्षिय योजनाको प्रस्ताव पेश गर्ने र सो योजनाको लागी गाउँपालिकाले व्यहोर्नु पर्ने प्रति बर्षको लागत साझेदारी रकम यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | योजना-स्थल | आ.ब.२०७८/०७९ को लागी अनुमानित बजेटरु. | | | आ.ब.२०७९/०८० रु. को लागी अनुमानित बजेट | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | समपुरक अनुदान रु | स्थानीय तहको साझेदारी रु | जम्मा | समपुरक अनुदान रु | स्थानीय तहको साझेदारी रु | जम्मा |
| | ऐरावती बङ्डाङा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना | सरुमारानी गाउँपालिका वडा न. ३, ४, ५ र दाङ्गको बंगलाचुली गाउँपालिका | १ करोड ५० लाख | १ करोड ५० लाख | ३ करोड | १ करोड ५० लाख | १ करोड ५० लाख | ३ करोड |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

क्रम बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**निर्णय न.३. विशेष अनुदानका योजना प्रस्ताव सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोगको मिति २०७७/८/३० गते प्रकाशित सूचना अनुसार आर्थिक वर्ष २०७८/०७९ को लागी विशेष अनुदान शिर्षकमा तपशिलको कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

**विशेष अनुदान**

| सि.न. | योजना तथा कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रम | सरुमारानी गाउँपालिका | १,००,००,०००/- | |

**निर्णय न.४. ढुंगा र माटो उत्खनन तथा संकलनको IEE प्रतिवेदन सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको तपशिलका स्थानहरुको माटो तथा ढुंगा उत्खनन तथा निकासीका लागी परामर्शदातावाट पेश, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE )२०७७ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | प्रस्तावको विवरण | प्रस्ताव पेश गर्ने संस्था | ठेगना | संकलन र उत्खनन गरिने परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरुमारानी गाउँपालिका वडा न. २ स्थित असारी देवी कुमाल र मान बहादुर कुमालको निजि जग्गाबाट माटो उत्खनन तथा संकलन कार्य | मनकामना निर्माण सेवा | प्यूठान न.पा. ७ | ३१९३.२ घ.मी | रातोडाडा |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

## निर्णय न.५. गाउँपालिका स्तरीय अस्पताल निर्माणको जग्गा प्राप्ती सम्बन्धमा ।

नेपाल सरकारको निति अनुसार यस गाउँपालिकामा स्थापना हुने गाउँपालिका स्तरीय अस्पताल यस सरुमारानी गाउँपालिकाको वडा न. ४ बड्डाडामा स्थापना गर्ने सो अस्पतालको लागी यस गाउँपालिकाका तपशिल बमोजिमका ब्यक्तिहरुवाट यस गाउँपालिकालाई निशुल्क रुपमा दान गर्ने जग्गाहरुलाई ग्रहण गर्ने र सो जग्गा प्राप्ति गर्नको लागी नियमानुसार प्रकृया अगाडी बढाउन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | जग्गादाताहरुको नाम थर | ठेगना | जग्गाको कित्ता नम्बर | क्षेत्रफल रोपनी | अनुमानित मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | केशर बहादुर राना | सरुमारानी गा.पा. ४ बड्डाडा | १३२ र ३२१ | १-३-०-० मध्ये ०-३-०-० ४-८-०-२ मध्ये ३-८-०-२ गरी जम्मा ३-११-०-२ | ७,५०,०००/- | साविक ढुंगेगढी २ |
| २ | कोम बहादुर थापा मगर | " " | १२७, १२८ र १३० | १-५-१-० ०-१०-०-१ ०-११-०-० जम्मा २-१०-१-१ | ५,२०,०००/- | |
| ३ | कलि राना मगर | " " | १२९ र १३१ | ३-१३-२-५ | ७,७०,०००/- | |
| | जम्मा | | | १०-२-३-८ | २०,४०,०००/- | |

## निर्णय न.६. विद्यालय पूर्वाधार योजना सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब.२०७७/०७८ को शिक्षा तर्फको शसर्त अनुदान शिर्षकमा प्राप्त शैक्षिक पुर्वाधार/कार्यक्रम शिर्षकमा प्राप्त बजेटबाट तपिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपिशल

| सि.न. | योजनाको नाम | विद्यालयको नाम | योजना स्थल | विनियोजन बजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ कोठे भवन निर्माण | जनता मा.वि | सरुमारानी गाउँपालिका वडा न. ४ बड्डाडा | ३६,००,०००/- | |
| २ | वास शौचालय निर्माण | सूर्योदय प्रा.वि | सरुमारानी गाउँपालिका वडा न. ३ ढाव | ७,००,०००/- | |
| ३ | वास शौचालय निर्माण | ऐश्वर्य प्रा.वि. | सरुमारानी गाउँपालिका वडा | ७,००,०००/- | |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | न. ६ तिराम भिंङग्रीखोला | | |
| ४ | ICT सामाग्री सहयोग | भिमसेन मा.वि. | सरुमारानी गाउँपालिका वडा न. ५ | ६,५०,०००/- | |
| ५ | विज्ञान प्रयोगशाला सहयोग | श्रमरानी मा.वि | सरुमारानी गाउँपालिका वडा न. ६ बुढिचौर | ६,५०,०००/- | |
| ७ | पुस्तकालय सामाग्री सहयोग | सत्य मा.वि. | सरुमारानी गाउँपालिका वडा न. २ ददेरी | ६,५०,०००/- | |

## निर्णय न.७. बर्थिङ सेन्टर सूचीकृत सम्बन्धमा ।

सरूमारानी गाउँपालिका अन्तर्गत वडा नं. २ मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र ददेरी र वडा नं. ४ मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र बड्डाँडामा वर्थिङ सेन्टर सुचिकृतको लागी सम्बन्धित निकायमा अनुरोध गर्ने ।

## निर्णय न. ८. स्वास्थ्य सम्बन्धी विभिन्न प्रस्ताव सम्बन्धमा ।

- वित्तिय समानिकरण अनुदान स्वास्थ्य सि.नं. ४ अन्तर्गत प्रसुति सेवा प्रदायकका लागी नाइट ड्युटी प्रोत्साहनबाट स्वास्थ्य संस्थामा सुत्केरी सेवामा नाइट डियूटि गर्ने सेवा प्रदायक स्वास्थ्यकर्मिलाई प्रति नाइट रू. ३००।- का दरले प्रोत्साहन स्वरूप उपलब्ध गराउने ।
- वित्तिय समानिकरण अनुदान स्वास्थ्य सि.नं. ५ अन्तर्गत संस्थागत प्रसुति सेवा लिनेहरूका लागी घरमै गई पूर्ण प्रसुति सेवा प्रदान सेवा प्रदायकलाई यातायात सेवा कार्यक्रमबाट घरैमा गई उत्तर प्रसुति जाँच सेवा प्रदान गर्न जाने सेवा प्रदायक स्वास्थ्यकर्मिलाई प्रति भिजिट रू. ३५०।- का दरले प्रोत्साहन स्वरूप यातायात खर्च उपलब्ध गराउने ।
- वित्तिय समानिकरण अनुदान सि.नं. ८ अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाई कार्यक्रमबाट दिर्घ सेवा प्रदान गर्ने ६० वर्ष उमेर पुगेका र १० वर्ष सेवा अवधि पुगेकालाई रू. २०,०००।- का दरले सम्मान स्वरूप उपलब्ध गराउने ।
- वित्तिय समानिकरण अनुदान सि.नं. ९ अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमबाट नियमित स्वास्थ्य सेवा प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन स्वरूप मासिक रू. १,५००।- का दरले पोत्साहन रकम उपलब्ध गराउने ।
- वित्तिय समानिकरण अनुदान सि.नं. ११ अन्तर्गत गाउँघर क्लिनिक/खोप क्लिनिक संचालन यातायात खर्च तथा व्यवस्थापन कार्यक्रमबाट गाउँघर क्लिनिक/खोप क्लिनिक संचालन गर्न

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

जाने सेवा प्रदायक स्वास्थ्यकर्मिलाई प्रति क्लिनिक रू. ५००।- का दरले फिल्ड भत्ता स्वरूप यातायात खर्च उपलब्ध गराउने ।

- वित्तिय समानिकरण अनुदान सि.नं. ८ महिला स्वास्थ्य स्वयं सेविका सम्मानजनक विदाई कार्यक्रमबाट महिला स्वास्थ्य स्वयं सेविकाहरूको आधारभुत तालिममा सहभागीहरूका लागी आतेजाते यातायात भाडा र बास बस्नु पर्नेहरूका लागी बास तथा खाना खर्च उपलब्ध गराउने र सरूमारानी गाउँपालिकामा उत्कृष्ठ महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई पुरस्कृत गर्ने ।

**निर्णय न.९. उपभोक्ता जनश्रमदान सम्बन्धमा ।**

यस गाउँपालिकाको पूर्वाधारजन्य योजनाहरुमा उपभोक्ताहरुको जनश्रमदान वापत २० प्रतिशत लागत सहभागीता हुनु पर्ने भनी निर्णय भएकोमा उपभोक्ताहरुबाट २० प्रतिशत जनसहभागिता जुटाउन कठिन भएको भनी जनगुनासो आएको तथा उपभोक्ता समितिमा बसेर काम गर्न नमान्ने अवस्था सिर्जना भएको हुँदा आ.ब.२०७७/०७८ देखी कार्यान्वयन हुने योजनाहरुमा जनश्रमदान/जनसहभागिता २० प्रतिशतबाट घटाई १० प्रतिशत कायम गर्ने निर्णय गरियो ।

**निर्णय न.१०. खानेपानी योजनाको P/A परिक्षण सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको वास योजना प्राथमिकिकरणमा परेका ठुला खानेपानी योजनाहरुमा कम्तिमा १ वटा संरचनाको र वढिमा ३ वटा संरचनामा पानी र योजनाको निर्माण कार्य सुरु नभएका संभावित मुलहरुको पानीलाई P/A परिक्षण गर्ने र P/A परिक्षणका लागी नमुना संकलनले हातमा लगाउने ग्लोव्स र vial लाई वेर्ने कपासको ब्यवस्था गरी वास योजनाको प्राथमिकीकरणको आधारमा मुहान/योजना छनौट गर्ने निर्णय गरियो ।

**निर्णय न.११. विभिन्न निवेदनहरु सम्बन्धमा ।**

यस गाउँपालिकामा माग भएको विभिन्न माग निवेदनहरुमा निम्नानुसार निर्णय गरियो ।

- तितिवाझ लिफ्ट खानेपानी योजनाको मर्मतको लागी मर्मत संभार कोषबाट रु १,५०,०००/- विनियोजन गर्ने ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- टाकुरा वालविकास केन्द्र भिग्रिखोलाको लागी खानेपानी मर्मतको लागी ५०० लिटरको टंकी र आधा ईन्चीको २५० मी पाईप खरिद गरि उपलब्ध गराउने ।
- भिग्रिखोला पाखापानी खानेपानी योजनाको लागी ५०० मिटर पौने ईन्चीको खानेपानी पाईप खरिद गरी उपलब्ध गराउने ।
- लुम्विनी प्रदेश सरकार र संघिय सरकारको सशर्त अनुदानबाट निर्माण हुने सरस्वती मा.वि चाभा, सत्य मा.वि ददेरी र जनता मा.वि. बड्डाडाको विद्यालय भवन निर्माणमा कन्टेन्जेन्सी रकम नकाटी योजना कार्यान्वयन गर्ने ।
- चालु बर्षको विद्यालय रंगरोगन शिर्षकबाट जनता मा.वि. बड्डाडालाई रु २५,०००/- उपलब्ध गराउने ।
- गढि-ढाव मोटरवाटो मर्मतको लागी मर्मत संभार शिर्षकबाट रु. ५०,०००/- विनियोजन गर्ने ।
- सरुमारानी गाउँपालिका वडा न. १ को धाद्र बस्तीमा संचालन भएको सामुदायिक सिचाई योजना मर्मतको लागी मर्मत संभार शिर्षकबाट रु. ३०,०००/- विनियोजन गर्ने ।
- सरुमारानी गाउँपालिका वडा ६ को सरुमारानी लेकमा विद्युत विस्तारको लागी विधुत लाईन मर्मत शिर्षकबाट रु. १,००,०००/- विनियोजन गर्ने ।
- विपद व्यबस्थापन कोषबाट रु १०,००,०००/- विनियोजन रकमान्तर गरी खानेपानी र सिचाई पाईप खरिद गर्ने ।
- लुम्बिनी प्रदेश सरकारको साझेदारीमा ढुंगेगढी स्वास्थ्य चौकी भवन निर्माणको लागी चालु आ.ब. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रमको साझेदारी योजना कार्यक्रम संचालन शिर्षकबाट रु. ५ लाख विनियोजन गर्ने ।
- योगदान राष्ट्रकोलागी भन्ने संस्थाको लागी चालु शिर्षकको अन्य संस्था शिर्षकबाट रु ५,०००/- आर्थिक सहयोग गर्ने ।

प्रमाणिकरण मिति: २०७७।०३।०८

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष